नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# जलस्रोत अनुसन्धान तथा विकास केन्द्र

पुल्चोक, ललितपुर

## जलस्रोतसँग सम्बन्धित प्रोजेक्ट/थेसिस इन्टर्न तथा शोध गर्न आशयपत्र/प्रस्ताव पेश गर्ने सम्बन्धमा सूचना

**(सूचना प्रकाशित मिति: २०७८/०७/१७)**

यस केन्द्रको चालु आ.व. ०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रममा जलस्रोत विज्ञानसँग सम्बन्धित क्षेत्रमा प्रोजेक्ट/थेसिस इन्टर्नशिप तथा शोधकर्ता परिचालन कार्यक्रम रहेकोले जलस्रोतसँग सम्बन्धित शोध, अनुसन्धान तथा इन्टर्नशिपको व्यवस्था गर्ने कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम विश्वविद्यालय/अध्ययन संस्थान/कलेजहरूमा जलस्रोतसंग सम्बन्धित क्षेत्रमा अध्ययनरत इच्छुक र योग्य विद्यार्थीहरूबाट ६ महिनाको लागि प्रोजेक्ट/थेसिस इन्टर्न गर्न तथा स्नातकोत्तर उत्तीर्ण गरिसकेका विज्ञहरुबाट ६ महिनाको लागि शोधकर्ताको रुपमा शोध गर्न आवश्यक कागजातसहित सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र यस केन्द्रमा आशयपत्र/प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

आशयपत्र/प्रस्तावहरुको मूल्यांकनबाट ६ जना प्रोजेक्ट/थेसिस इन्टर्न र २ जना शोधकर्ताको छनौट गरिनेछ । प्रोजेक्ट/थेसिस इन्टर्न र शोधकर्ताको सेवा सुविधा स्वीकृत जलस्रोतसंग सम्बन्धित शोध, अनुसन्धान तथा इन्टर्नशिपको व्यवस्था गर्ने कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम हुनेछ । यस सम्बन्धि पेश गर्नुपर्ने आवश्यक कागजातको सूची, आवेदन पत्र र अन्य विवरण केन्द्रको वेबसाइट wrrdc.gov.np/pages/application-form बाट प्राप्त गर्न सकिनेछ ।

थप जानकारीको लागि यस केन्द्रमा सम्पर्क गर्नसकिने छ।